फोन नं. ०८९-४१०१३५

# नारायण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दैलेख
## कर्णाली प्रदेश, नेपाल

(राजश्व उप-शाखा)

पत्र संख्याः- २०८३/०८४ मिति-२०८३/०६/१३

**प्रथम पटक प्रकाशित मिति २०८३।०६।१३ गते**

**ढुङ्गा, गिट्टी तथा बालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना**

यस नारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०८३।८४ को लागि नगर कार्यपालिकाद्वारा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लेखित सर्तहरूको अधीनमा रही ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रियाद्वारा बिक्री वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरूले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अद्यावधिक नवीकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र कर चुक्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर )PAN) दर्ता प्रमाणपत्र आर्थिक वर्ष २०८१।८२ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र (व्यक्तिका हकमा लागु नहुने) तपसिलमा उल्लेखित सिलबन्दी दरभाउपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

उल्लेखित ठेक्काको कर दस्तुर दररेट र सर्तहरू सिलबन्दी दरभाउपत्र फारममा संलग्न गरिनेछ। सिलबन्दी बोलपत्र फारम खरिद दस्तुर रु १,०००-/ अक्षरेपि) रुः एक हजार मात्र (राष्ट्रिय वाणिज्य बैङ्क, दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४०१०१००३०१०१०००२ मा जम्मा गरेको बैङ्क भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ।

आफूले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अङ्क र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ। सिलबन्दी बोलपत्र फारम साथ जमानत बापतको रकम यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, दैलेखमा रहेको धरौटी खाता नं . ४०१०१००३०३००००००२ मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बैङ्क ग्यारेन्टी विड वण्ड समावेश गर्नुपर्नेछ।

यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सही छाप नभएको सिलबन्दी बोलपत्र तथा म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी बोलपत्र माथि कुनै कारबाही हुने छैन। प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२००: बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ। दर्ता भएका सिलबन्दी बोलपत्र सोही दिनको २बजे ००: कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधि उपस्थित नभएका पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

सिलबन्दी बोलपत्र सम्बन्धी अन्य सर्तहरू बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ। अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

सेलबन्दी बोलपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेबसाइटः www.narayanmun.gov.np, इमेलः ito.narayanmun@gmail.com फोन०८९-४१०१३५ तथा सूचना पाटी मार्फते लिन सकिनेछ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | शीर्षक | उत्खनन् परीमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुःल्क र मूल्य अभिवृद्धिकर समेत) | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १. | ०१।२०८३।८४ | नारायण नगरपालिका क्षेत्र भित्र लोहोरेखोलाको ढुङ्गा, गिट्टी तथा बालुवाको ठेक्का बन्दो बस्ती सम्बन्धी सूचना | २,२१,८२४।६१ | १२,५३,३०९।- | १००० | कवोल अङ्कको ५ (पाँच) प्रतिशत |
| २. | ०२।२०८३।८४ | नारायण नगरपालिका क्षेत्र भित्र छामघाट खोलाको ढुङ्गा, गिट्टी तथा बालुवाको ठेक्का बन्दो बस्ती सम्बन्धी सूचना | ३१०२३०।५१ | १७,५२,८०२।- | १००० | कवोल अङ्कको ५ (पाँच) प्रतिशत |

नारायण नगरपालिका, दैलेख

नि. प्रमुख प्रशासकिय अधिकृत